# आठराई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
संक्रान्तिबजार, तेह्रथुम

प.सं. :- २०७९/०८०
चलानी नं.

(१ नं. प्रदेश नेपाल)
मिति : २०७९।०५।०७

**विषय : घरभाडा लिने सम्बन्धी ७ (सात) दिने सूचना ।**

प्रस्तुत विषयमा यस आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई कार्यालय प्रयोजनका लागि घर भाडामा लिनुपर्ने भएकोले देहायमा उल्लेखित शर्तहरु पूरा हुने गरी घर भाडामा दिन इच्छुक घर धनीले यो सूचना प्रकाशन भएको ७ दिन भित्र कार्यालय समयमा माग बमोजिमका कागजातहरु संलग्न राखी गोप्य खाम बन्दी पेश गर्नुहुन अनुरोध छ ।

**शर्तहरु :**

१. घरधनीले घर भाडामा दिन इच्छुक रहेको निवेदनका साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।
   (क) घर जग्गा धनी पूर्जाको फोटोकपी ।
   (ख) चालु आ.व. २०७९।०८० को मालपोत वा सम्पती कर बुझाएको रसिदको प्रतिलिपी ।
   (ग) पानी र विजुलीको महशुल तिरेको बील ।
   (घ) घर धनीको नेपाली नागरिकताको प्रतिलिपी ।
२. आठराई गाउँपालिकाको केन्द्र रहेको संक्रान्तिबजार क्षेत्र भित्रमा पर्ने पक्की घर हुनुपर्नेछ ।
३. घरको कम्तीमा प्रतिकोठाको क्षेत्रफल ४×३ मिटरका जम्मा ४ कोठा हुनुपर्नेछ ।
४. १ बाथरुम र १ ट्वाइलेटको सुविधा हुनुपर्नेछ ।
५. पानी, विजुली, टेलिफोन इन्टरनेट तथा सवारी साधन पार्कीङ्को सुविधा भएको हुनुपर्नेछ ।
६. निवेदकले आफुले न्युनतम कानून बमोजिम लाग्ने १० प्रतिशत घर बहाल कर सहित कति रकममा बार्षिक घरभाडामा दिन चाहेको हो सोको अंक र अक्षरमा स्पष्ट बुझिने गरी खुलाई पेश गर्नुपर्नेछ । अंकमा नबुझिएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
७. घर भाडामा लिने वा नलिने भन्ने विषयको उपयुक्तताको बारेमा निर्णय गर्ने अधिकार कार्यालयमा निहित हुनेछ ।
८. अन्य शर्तहरु प्रभावग्राही घरधनी र कार्यालयको आपसी सहमतीको आधारमा तथा प्रचलित कानून बमोजिम तय हुनेछन् ।

२०७९/०५/०७

.....................
सुसिल इङनाम
निमित्त प्रमुख प्रशासकीय अधिकृत

*अन्य थप जानकारी लिनुपर्ने भएमा ९८५२०६०३२२ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।*